**“पौडेल थर, हाम्रो साझा घर”**

# वंशावली सङ्कलन सम्वन्धी कार्य प्रगति एवं छलफलकालागि प्रस्तावित विषयहरू

(तेस्रो पूर्णवैठक, २०८२ श्रावण २८, पोखरा)

**यहाँ बराहको फोटो राख्ने**

**लेखन तथा प्रस्तुतकर्ता**


प्रा.डा. कृष्णप्रसाद पौडेल, संयोजक

नारायण प्रसाद पौडेल, सचिव

वंशावली सङ्कलन केन्द्रीय समिति



प्रकाशक

पौडेल वंश महासंघ,

देवघाट, चितवन

२०८२

## १. प्रकाशित र उपलव्ध वंशावलीहरूको विवेचना

महासंघको यस वंशावली समितिबाट आत्रेय गोत्रका पौडेल वंशसंग सम्वन्धित हालसम्म प्रकाशित र उपलव्ध भएका वंशावलीहरूको विवरण यहाँ प्रस्तुत गरिएको छ । उपलव्ध वंशावलीहरूमा उल्लेखित केही महत्वपूर्ण ऐतिहासिक तथ्यहरूको विवेचना यहाँ गर्न सान्दर्भिक हुनेछ भन्ने लागेकोले प्रस्तुत गरिएको छ ।

पूर्वीय दर्शानमा उल्लेखित परब्रह्मा स्वयमका मानसपुत्र अत्रि ऋषि र अनुसुया माताका गर्भबाट जन्म लिएका आत्रेय, अर्चनान र श्यावस्क ऋषिहरू आफ्नो गोत्रका आदिम् शक्तिका मूल स्रोत मानिनु हुन्छ । यस कुलका इष्ट देव विष्णु भगवानका तेस्रो अवतार बराह भगवान र ब्रह्मा, विष्णु महेश्वरका चौविसौ अवतारका भगवान दत्तात्रयका परमभक्त अत्रि ऋषिका सन्ततिकारुपमा जन्म लिएका त्रिप्रवर ऋषिहरूबाट प्रवरिस हुँदै आएका र सोही अनुसारका वंशपरम्परामा आदिम्कालदेखि सनातनकोरुपमा चलाउँदै आएका कुलपरम्परा र मान्यता भित्र रहेर सम्पूर्ण मानव जातीहरूसंगसंगै यस आत्रेय गोत्रको पनि विकास हुँदै आएको छ ।

यस धर्तीमा कहिलेबाट हाम्रो गोत्रका मूलपुरुषको प्रार्दुर्भाव भयो ? भन्ने विषयमा यकिनका साथ भन्न सक्ने कुनै प्रामाणिक तथ्यहरू त छैनन् तर पनि विभिन्न पौराणिक स्रोतहरूका माध्यमबाट बिभिन्न कालखण्डमा र प्रसङ्गमा उल्लेखित तथ्यहरू सहित भनिदै आएका र मानिदै आएका माध्यमबाट अन्य मानव जातीसंगै आर्य वंशका आत्रेय गोत्रीय मानवहरूको पनि वंश विस्तार भएको हुनु पर्दछ भन्ने भनाईहरू छन् ।

आत्रेय वंश अनुसन्धान प्रतिष्ठान, पौडेल वंश राष्ट्रिय समिति भरतपुर- १, देवघाट चितवन नेपालद्वारा वि.सं. २०६० सालमा प्रकाशित पौडेल वंशावली अहिलेसम्म उपलव्ध विस्तृत वंशावलीकोरुपमा पाइएको छ । यस वंशावली लेखनका आधारहरूका विषयमा उल्लेख भए अनुसार त्यस भन्दा पहिला प्रकाशित विभिन्न वंशावलीहरूको नाम उल्लेख गरिएको छ ।[१] तिनै विभिन्न वंशावलीमा उल्लेखित तथ्यहरूको आधारमा वि.सं. ५२० तिर हालको भारतको कर्णाटक राज्यको मैसुरमा जन्मेका पं. सोमनाथ आत्रेयलाई प्रथम पुरुष मानेर वंशको क्रमाङ्क कायम गरिएको छ ।[२] यही कुराको पुष्ट्याई र क्रमाङ्क पं.तुलसीप्रसाद शर्मा पौडेलद्वारा सङ्कलित केही पौडेलहरूको आंशिक वंशावलीमा पनि उल्लेखित छ ।[३] तर पं. विद्यापति उपाध्यायद्वारा लिखित संस्कृत पध्यात्मक आत्रेय

[१] उदयानन्द अर्यालको अर्यालवंशको वंशावली, श्री ५ राजेन्द्रका पालामा लेखिएको पौडेल-सिग्देल-बगाले थापाको वंशावली, सूर्यविक्रम ज्ञवालीको वंश वर्णन कविता, एकराज अर्यालद्वारा सङ्कलित वंशावली, पं.विद्यापति उपाध्यायद्वारा लिखित संस्कृत पध्यात्मक आत्रेय वंशावली, पं. प्रेमनारायणद्वारा लिखित पौडेल वंशावली, पं. हरिप्रसाद पौडेलद्वारा लिखित पौडेल वंश प्रकाश, काशीराम शर्मा पौडयालद्वारा लिखित केही पौडेलहरूको वंशावलीको दिग्दर्शन, विजयराज पौडेलद्वारा लिखित कुल प्रकाश, ज्ञानेन्द्र प्रसाद पौडेलद्वारा लिखित पौडेल वंशावली, केशवनाथ पौडेल, पं. टेकनाथ पौडेल, केदार नाथ पौडेल र लेखनाथ पौडेलका संग्रहमा रहेका वंशावली, पं. तुलसीप्रसाद पौडेलद्वारा सङ्कलित केही पौडेलहरूको आंशिक वंशावली ।

[२] पौडेल वंशावली, आत्रेय वंश अनुसन्धान प्रतिष्ठान, पौडेल वंश राष्ट्रिय समिति भरतपुर- १, देवघाट चितवन, वि.सं. २०६० ।

[३] पं तुलसीप्रसाद शर्मा पौडेल, केही पौडेलहरूको आंशिक वंशावली, प्रकाशक पं तुलसीप्रसाद शर्मा पौडेल, (द्वितीय संस्करण) वि.सं. २०६२

वंशावलीमा सोमनाथ आत्रेय पछिका  वि.सं. ९९२ मा जन्मेका श्री उदयदेव भट्टलाई प्रथम पुरुष उल्लेख गरिएको छ ।[४] यही कुराको उल्लेख काशीराम शर्मा पौडयाल  पनि गर्दछन् ।[५] पं हरिप्रसाद पौडेलले भने विक्रमको छैटौं शताव्दिमा भागीरथीको तट निकट हरिद्वारमा आत्रेय वंशका श्री रंगनाभ कृषि कर्म गरेर बस्थे र तिनैका ११ औं पुस्ताका  श्री उदै (उदय ?) भट्ट विभिन्न वंशावलीमा उल्लेख गरिएका छन् भन्नुहुन्छ र उनै उदय भट्ट वि.स. १०५३ तिर  कान्यकुव्ज तथा कन्नौज बाट हिमालय क्षेत्रको पौडी तर्फ बसाइ सरी आएका हुन् भन्ने विषय उल्लेख गरिएको छ । उनै उदय भट्टका पाँचौं पुस्ताका वत्सराज थिए (उहाँ पछि डोटीका राजा भए) (प्रस्तावना पृं ६) ।[६] तर कालिकोटका खड्काहरूको वंशावलीमा उल्लेख भए अनुसार वि.सं. ८५० तिर काश्मीरका राजा जयपिंडाले कालीनदी पूर्व पहाडमा शक्तिशाली राजा भिमसेन सिंह भएको उल्लेख गरेका थिए भन्ने कुरा भारतबाट प्रकाशित इतिहासमा उल्लेख गरिएका छन् भन्दै  यशोवर्मा, नागभट्ट, वत्सराज द्वित्तीय, बज्रयुद्ध आदि राजाहरू थिए भन्ने प्रशंग उल्लेख छ । यध्यपि त्यो प्रशङ्ग पहिला रहेका खड्का राजाहरूलाई हराएर पछि राजा भएका हुनसक्ने भन्ने अर्थमा लेखिएको छ (पृ. ४२) ।[७] यिनै नामसंग मिल्दो जुल्दो राजाहरूको नाम उत्तरभाातको हर्षवर्धनको शासनकालको अन्त्यपछिको गुर्जारका प्रतिहार वंशका नागभट्टका नाती वत्सराज सन ७७८ मा उज्जैनका राजा भएका थिए भन्नेकुरा उल्लेख भएको पाइन्छ ।[८] तर आत्रेय गोत्रका वंशावलीमा उल्लेख भएका वत्सराजका सन्दर्भ यो समयसंग मेलखान सकेको देखिंदैन । अर्कातर्फ उदय भट्ट वि.स. १०५३ तिर  कान्यकुव्ज तथा कन्नौज बाट हिमालय क्षेत्रको पौडी तर्फ बसाइ सरी आएका हुन् भन्ने विषय उल्लेख गरिएको छ ।[९] पं. तुलसीप्रसाद शर्मा पौडेलद्वारा लिखित वंशावलीमा वत्सराज अत्यन्त विद्धान थिए । यिनले तत्कालिन डोटीका राजा राधामाधव सिंहले आयोजना गरेको विश्वजित यज्ञको मूल आचार्य भएर यज्ञ सम्पन्न गरेका थिए । यज्ञ पछि विद्धान आचार्यलाई डोटी राज्य र आफ्नी एकलौटी छोरी शुभकन्या सहित दान गरेर राजा रानी  वानप्रस्तमा गएका थिए । त्यसपछि वत्सराजका सन्तानहरू डोटी राज्यका राजा भएका थिए (पृ. ३७ देखि ४१) ।[१०] यहिकुरालाई पौडेल वंशावली २०६०ले पनि स्वीकार गरेको पाइन्छ (पृ. २०) । [११]

---

[४] पौडेल वंशावल,ी वि.सं. २०६० को पृ. ८६३ मा संलग्न संस्कृतको पद्यांशमा उल्लेखित ।

[५] काशीराम शर्मा पौड्याल, केही पौड्यालहरूको वंशावली दिग्दर्शन, प्रकाशक श्री दिवाकर पौडेल, श्री हरिप्रसाद पौडेल, श्री मित्रप्रसाद पौडेल श्री सु. टुमलाल पौडेल, श्री खुरनाथ पौडेल, श्री इन्द्रप्रसाद पौडेल, चितवन, वि.सं. २०५२ ।

[६] पं. हरि प्रसाद पौडेल, पौडेल वंश प्रकाश, पौडेल वंश प्रकाशन समिति, धुलाबारी, झापा, वि.सं. २०४२ ।

[७] श्री कालिकोटे खड्का वंशेत्यान केन्द्रीय समिति (२०६७) श्री कालिकोटे खड्काको कुल दर्शन (वंशावली), कुल दर्शन सम्पादन तथा प्रकाशन मण्डल ।

[८] https://www.britannica.com/biography/Vatsaraja

[९] पं. हरि प्रसाद पौडेल, पौडेल वंश प्रकाश, पौडेल वंश प्रकाशन समिति, धुलाबारी, झापा, वि.सं. २०४२ ।

[१०] पं. तुलसीप्रसाद शर्मा पौडेल

[११] पौडेल वंशावली २०६०

भारतका प्राचिन ऐतिहासिक लेखहरूका आधारमा मुख्यतः उत्तर पश्चिम भारतको कान्दहारमा इशापूर्व ५६० तिर तक्षशिला विश्वविद्यालयको स्थापना भएको कुरा उल्लेख गरिएका छन् । त्यस विश्वविद्यालय संस्कृत विषयको अध्ययन अध्यापनका लागि अग्रणी स्थानमा थियो । आत्रेय गोत्रका महर्षि पुर्नवशुले आरोग्य विज्ञानको सुरुवात त्यही समयताका गरे भने पछि चरकले इशापूर्व १५० तिर चरक संहिता लेख्नेकाम त्यहींबाट गर्नुभएको थियो । त्यही तक्षशिला विश्वविद्यालयमा पछि वुद्ध धर्मको विषय पनि अध्यापन हुन थाल्यो । तर इशापूर्व ५० मा त्यस विश्वविद्यालयलाई उत्तर पशिचमबाट आएका हुणजातीका कविला लडाकुहरूले तहस नहस पारे । तक्षशिलामा अध्ययनरत ब्राह्मणहरू संस्कृत, कुटनीति, र प्रशासनमा चुस्त भएकाकारण ती ब्राह्मणहरू विभिन्न राजा र शाशकहरूका राजगुरु र सल्लाहकार बनेर कार्य सञ्चालन गर्न थाले ।

इश्वीको सुरुतिर उत्तरभारतमा गुप्तराजाहरूको शासन भएको कुरा भारतको इलाहाबादमा प्राप्त समुद्रगुप्तको अभिलेखमा उल्लेख भएको र त्यसवेलाको राज्य हालको नेपालको कणाली सम्म थियो भनिन्छ । सन ६४७ सम्म गुप्त वंशका हर्षवर्धन अत्यन्त शक्तिशाली शासक उत्तरभारतमा थिए र उनका राजगुरु तक्षशिलाबाट शिक्षा प्राप्त शिक्षत परिवारका वंशहरू थिए भनिएको छ । ती शिक्षित परिवारका समूहहरू आफूलाई कान्यकुब्जी ब्रह्मण भन्ने गर्दथे । तिनै कान्यकुब्जी ब्राह्मणका सन्तानहरू नै गुप्त शासक हर्षवर्धनका राज्यमा थिए । उनको राजधानी कन्नौजमा रहेको थियो । कुरुक्षेत्र, पाञ्चाली, कन्नौज आदि महत्वपूर्ण ऐतिहासिक क्षेत्र सहितको शक्तिशाली राज्यका सामन्त र ब्राह्मणहरूपनि सोही अनुसार आफूलाई परिचित गराउँथे भनिन्छ । त्यही समयमा हालको नेपालको पश्चिम खण्ड र उत्तर भारतको काश्मीर, श्रीनगर, कुमाउ, गढवाल आदि क्षेत्रहरूको भौगोलिक समानताकाकारण पनि त्यहाँका सामन्तहरू आफुलाई कन्नौज राज्यका भन्ने गरेको हुन सक्दछ । यस्तै गरेर १२ औ सताव्दितिर जुम्ला राज्यका शासक नागराज सहितका खस मल्लराजाहरूको राज्यविस्तार उत्तरपश्चिम भारतको काश्मीर सम्म भएको इतिहास छ । [१२,१३] ती सामन्त राजाहरू हर्षवर्धन गुप्त र त्यसपछिका गुर्जार प्रतिहारका सम्राट (राजा) हरूसमेतले राज्यगर्ने क्षेत्रलाई आफ्नो शासन क्षेत्रमा समावेश गरेका हुनसक्ने सम्भावना देखिन्छ । [१४]

आर्य वंशका आत्रेय गोत्रका हाम्रा पुर्खाहरूका विषयमा विभिन्न वंशावलीमा उल्लेख गरिए अनुसार कान्यकुब्जी ब्रह्मण र कन्नौजबाट आएका भनिएका प्रसड.गमा पनि केही उपलव्ध तथ्यहरू यस प्रकार छन् ।[१५] त्यही पाञ्चाली र मध्य-देशको कन्नौज पछि शक्तिशाली गुप्त सम्राट हर्षवर्धन र

[१२] रामकुमार पौडेल, २०७६

[१३] ज्ञान बहादुर कार्की, २०७९

[१४] सनातन हिन्दु पौराणिक तथा धार्मिक कार्यहरूको सुरुवात गरिंदा आफ्नो थातथलो चिनाउने प्रसंगमा जम्मुद्वीपे, भारतवर्षे, आर्यवर्त देशे, विन्ध्याचल पर्वत उत्तरे, हिमवतखण्डे, आदि भनेर आफ्नो स्थानका विषयमा उल्लेखगर्ने प्रचलन हामीकहाँ पनि छ । यो प्रचलनका पछाडीको इतिहास हाम्रा कुलपुर्खाहरूको बासस्थानका विषयमा उल्लेखगर्दै हालको आफ्नो थातथलो रहेको स्थानको परिचय दिनु नै हो ।

[१५] वाल्मिकी रामायणको वालकाण्डको सर्ग ३१, ३२ र ३३ लाई उद्धृत गर्दै लेखिएको छ अयोध्यामा राजा रामको समयमा मध्य-देश (उत्तर भारतको यमुना र गंगाको बीचभाग) मा महर्षि विश्वामित्रका हजुरवुवा कुशनाभ शक्तिशाली सम्म्राट थिए । त्यही मध्य-देश अन्तर्गतको पाञ्चाल राज्य थियो र यसको राजधानी कम्पिलीया थियो । त्यहाँका राजा ब्रह्मदत्त ब्रह्मणा थिए । सम्राट कुशनाभका १०० छोरीहरू थिए

गुर्जार प्रतिहाराको समयमा राजधानी बनेपछि कन्नौज र कान्यकुब्जको प्रसङ्ग अरु मजवुत वन्न गएको हुनसक्छ । [१६]

कान्यकुब्जी ब्राह्मण र कन्नौजका पसङ्गमा कुल चन्द्र कोइराला लेख्नुहुन्छ ब्राह्मण जातीहरू प्राचिन आर्य सभ्यताको विकासका क्रममा हिमालयको पश्चिमी भूभाग हालको हिन्दु-कुश क्षेत्रबाट विस्तारै पूर्वतर्फ आएका हुन् । उच्चहिमाली र पहाडी भूभागमा बस्ने जाती भएकाकारण उनीहरू गाई, बाखा, भेडा, घोडा जस्ता पशुहरू पाल्ने भएकाकारण पशुपालनको संस्कृति अपनाएका थिए । तीनै आर्यवंशीहरू जव सिन्धु, गंगा र यमुना नदी र तीनका सहायक नदीकिनारका समथर भूभाग र नदी उपत्यकामा आईपुगे उनीहरूले सिन्धु र गंगानदीका सभ्यताको पहिचान बनाएका थिए । त्यसै समयमा आर्यहरूको भाषा, व्यवशाय, संस्कार र संस्कृति उत्कृष्ट बनेको थियो । यसैक्रममा राज्य व्यवस्थाहरूमा परिस्कृत हुँदै स्थानीय सामन्तहरूबाट स्थापित राज्यहरू बन्दै जानेक्रममा यमुना र गंगाको बीचभागमा अवस्थित मैदान देखि माथिका काश्मीर, गढवाल, कुमाउ र हालको पश्चिम नेपालका हिमाली क्षेत्र सम्म कान्यकुब्ज राज्यको शाशन फैलिएको थियो । यिनै तथ्यहरूका आधारमा कोइरालाले नेपालका ब्राह्मण जातीहरूमा त्यो समयको बसाइ सराईको शेषका रुपमा गाई वस्तुको गोठमा दिवाली पूजा वा गैडु देवताको पूजा गर्ने, गाई ब्याउँदा चोख्याउने, शिवको उपासक बन्ने, कोही कोहीले कुलको नाममा मष्ट देवताको पूजागर्ने आदि प्रचलनहरू छन् भन्ने प्रशंङ्गहरूको विश्लेषण गरेका छन् । हालका नेपालका ब्रह्मण जातीहरू आफूलाई शक्तिशाली र इमान्दारको समूहमा राख्दा मान प्रतिष्ठासमेत बढ्ने भएकाकारण कान्यकुब्जी ब्रह्मण भनिने गरिएको प्रसङ्गले यथार्थको नजिक पुग्ने अर्थराख्दछ भन्नुहुन्छ ।[१७]

## २. आत्रेय गोत्रका पौडेलहरूका वंशावलीमा उल्लेखित विषयहरू र सुधारगर्नका लागि केही प्रस्तावित दृष्टिकोण

२.१ माथि विश्लेषण गरिएका उपलव्ध प्राचिन भारतका इतिहास र विभिन्न वंशावलीहरूमा उल्लेखित तथ्यहरूका आधारमा आर्यवंशका आत्रेय गोत्री ब्रह्मणहरको मूल उत्पत्ति हिमालय क्षेत्रमा नै भएको भन्ने तथ्यहरू उपलव्ध छन् ।[१८,१९]

---

र ती छोरीहरू अतिराम्रा थिए । सम्राट ती छोरीहरूको विवाह राजा ब्रह्मदत्तसंग गराउन चाहन्थे । तर कुशनाभका छोरीहरूको रुप र योवन प्रति भगवान वायु मोहित थिए र उनले ती कन्या युवतीहरूसंग सिधै विवाहको प्रस्ताव राखे । तर युवतीहरू पिताको निर्णयको विपरित जान नसक्ने र सम्राट कुशनाभको निर्णयअनुसार विवाह गर्ने भनेपछि भगवान वायुले युवतीहरूलाई कुब्ज (कुजा हुने) को स्राप दिए । सबैजना कुजा भएपनि ब्रह्मदत्तले पहिलाको निर्णय अनुसार विवाह गरे । तर विवाह पछि सबैजना स्रापबाट मुक्त भएको कथा छ । सोही कथाको आधारमा पाञ्चालीको काम्पिलीयालाई कन्याकुब्ज भन्न थालिएको हो भनिन्छ । ब्रह्मदक्तका सन्तानहरू नै कान्यकुब्जी ब्राहमण भए ।

[१६] https://kanyakubj.in/history-of-kannauj

[१७] कुलचन्द्र कोइराला, कोइराला वंशलता २०६५, कोइराला सेवा समाज, नेपाल, आमुख पृष्ठ ।

[१८] यसकुराको पुष्टि तक्षशिला, पुनर्वशु, चरक, पतञ्जली आत्रेयको उल्लेखनीय कार्य आदिले प्रमाणित गर्ने आधार प्रस्तुत गर्न सक्दछन् । आदिमकालमा ककेसस पर्वतको भूभाग नै आर्यहरूको उत्पत्ति क्षेत्र हुनुपर्दछ र त्यहीबाट विस्तारै हिमालयको काखैकाख पूर्व तर्फ बिस्तारहुँदै गएको कुराले मानवशास्त्रीय विकासका तथ्यहरूलाई प्रस्तुत गर्दछन् ।ज्ञड,ज्ञड यिनैकुराको प्रमाण स्वरुप इशापूर्व ४००० वर्ष पहिलाको वेवलिोनीयाको सभ्यता, इशापूर्व ३३०० देखि १७०० सम्मको सिन्ध उपत्यकाको सभ्यता र इशापूर्व ६०० तिर नै कान्दाहरको

२.२ इतिहासको कुनै कालखण्डमा उत्तर भारतको राज्य विस्तार हालको पश्चिम नेपालको भूमिसम्म पनि भएकाकारण त्यस समयका वंशहरू इतिहासको त्यो कालखण्डको राज्यमा भएकाले आत्रेय गोत्रका हाम्रा पुर्खाहरू आफूलाई कान्यकुब्जी ब्रह्मण र कन्नौज तथा उज्जैनबाट आएको भनिनुमा दक्षिण भारतको मलवा, अवन्ती र उज्जैन क्षेत्रमा शासनगर्ने विक्रमआदित्य, गुप्ता र गुर्जार प्रतिहार आदि शासकहरू दक्षिण भारतबाट विस्तारै उत्तर तर्फ शासन गर्दै अएका र सोही अनुसार हाम्रो आर्य वंशपनि उतैबाट बसाइ सर्दै आएका हौं कि ? भन्नेकुरा लेखिएको हुनसक्दछ । तीनै स्रोतका आधारम्रा लिखित हाम्रा वंशावलीहरूमा आफुलाई कान्यकुब्जी वा कन्नैाजका बाह्मण र कर्णाटकबाट आएका हौं भनिएको हुनु पर्दछ । तर हामी आदिमकाल देखि हालको पश्चिम नेपालका बासिन्दा हौं र हाम्रोथर भारतको गढवालको पौडीबाट सुरु नभएर बझाड.को पौडीबाट सुरुभएको तथ्य पनि प्रमाणित भै सकेको छ । अर्को आधार सिन्जा उपत्यकाको सभ्यता, तत्कलिन जुम्ला राज्य, डोटी राज्य आदिको बिकास र विस्तारले तत्कालिन पश्चिम नेपालको आफ्नै कृर्तिमानी अवस्था थियो । यो विकासको मुख्य योगदान यहींका ब्राह्मण र खस समुदायले गरेको हुनुपर्दछ ।

२.३ हाम्रा लिखित वंशावलीहरूमा हामी भारतमा भएको मुसलमानको आतंकबाट धर्मको रक्षार्थ पहाड तर्फ आएका हौं भन्ने छ । यसमा पनि तथ्यहरूको विश्लेषणले त्यो कुराको पुष्टि गरेको पाइएन । किनकी पंजाब र उत्तर पश्चिम भारतमा सन ९७३ देखि १०२७ सम्म्को ५४ बर्ष घाज्नीका सुल्तान मोहम्मदको आक्रमण रह्यो भन्ने भारतका इतिहासमा उल्लेख छ ।[२०] तर हाम्रा वंशावलीमा उल्लेखगरिएका उदयभट्ट सन ९६९ (वि.सं. १०२६) मा नै काश्मीर बसाइसरेका थिए भनिएको छ । त्यसपछि सुल्तानको आक्रमणले दिल्लीमा शासन गरेको र अकवर र आरड.गजेवको शासन १२ औं देखि १७ औं सताव्दि सम्म  रहेको थियो । जुन समयमा हाम्रा वंशावलीहरूले वत्सराजका

---

तक्षहिला विशवविदालय जस्ता मानव सभ्यताका प्राचिन धरोहरहरूले आर्यवंशको  प्राचिन इतिहासलाई जोडेको पाईन्छ । तिनै कालखण्डमा इशापूर्व १५०० देखि  ५०० सम्मको वेदिक कालखण्ड र इशापूर्व ५०० देखि इशाको ५०० सम्मको पुराणहरूको कालखण्ड समेत भएको अनुमान गरिएको छ ।

[१९] आर्य वंशीहरू हिमालयक्षेत्रका घुमन्ते शिकारी अवस्था देखि पशुपालन र स्थायी बसोबास सहितका कार्यहरूलाई विभिन्न कालखण्डमा आफ्नो जिविकोपार्जनलाई अंगिकार गरेको पाईन्छ । त्यसैले हिमालयबाट उत्पत्ति भएका पवित्र नदीहरूको संगम सिन्धु, यमुना, गंगा र तिनमा मिसिने सहायक नदीहरूका मैदानको कृषि पेसामा चलेको संस्कारलाई समेत आफ्नो संस्कारमा यध्यपी अपनाउँदै धानको चामलको प्रयोग गर्ने संस्कारी कार्य, रोपाई पूजा, हरेलो पूजा, न्वुगी खाने, दाईंको खलो पूजाका संस्कारहरू ठाउँ विशेश चलाई राखेको पाईन्छ । ती प्रचलन बसाइ सराइको क्रममा जहाँ पुगेपनि आफैसंग यध्यपी लिएर गएको पाईन्छ । धान र चामल संस्कृति मैदानी भागबाट भित्रीएको हुनुपर्दछ तर गाई, गोरु, भेडा, बाखा जस्ता जनावरलाई घरमा पाल्ने र वन जंगलको भरपुर उपयोग गरेर जीवन निर्वाह गर्ने प्रणाली भने यध्यपी हिमाली तथा पहाडी प्रणाली हो जुन भारतका मैदानी क्षेत्रमा चलेको पाईंदैन । आधुनिक विकासको संस्कृतिमा ती पौराणिक र प्राचिन संस्कृतिको अचुक छापका कारण गाई, गोरुको पुजा गर्ने र आफ्नो जिवीकोपार्जन र उत्पादन प्रणालीसंग जोडेर समयको कालखण्डमा अनवरत रुपले ती प्रचलनहरू चलाइ रहेको पाईन्छ । घरको आगनमा तुलसीको मठ बनाउने, विष्णु भगवानको प्रतिरुप मानिने शालग्रामको पूजागर्ने र एकै स्थानमा देवी भगवती, गणेश, शिवजी र पार्वतीको आरधना गर्ने, शक्ति स्वरुप सूर्य, बायु र अग्नीको पूजा गर्ने  प्रचलन यध्यपी छ । मष्ट अर्थात मरुतको पूजालाई कुल देवताको प्रतिरुप मानेर पूजा गर्नु हिमालय क्षेत्रका ब्रह्मण तथा खसजातीको प्रचलनले यी दुवै जातीमा समानता देखाउँछ ।ज्ञढ सनातनकाल देखि यही विशाल संस्कार र संस्कृतिको अवलम्वन गर्दै आएका ब्रह्मण खस जातीहरू आफ्ना पुर्खाहरूलाई विकसित राज्य व्यवस्था र कुलिन प्रथासंग जोडाएर परिचय दिंदा आफैलाई गौरवको अनुभूति गर्नु अस्वभाविक नहुन सक्छ ।

[२०] https://www.britannica.com/topic/Gurjara-Pratihara-dynasty

सन्ततिहरू पश्चिम नेपालमा राज्य गर्दै पूर्वतर्फ बसाइ सराई गरिसकेका थिए भन्ने प्रमाणिक तथ्यहरू प्रस्तुत गरेका छन् ।

२.४ हालसम्म लिखित विभिन्न वंशावलीहरूमा आत्रेय गोत्रका पुर्खा उदय भट्टपछिका चौथो तथा सोमनाथ आत्रेयबाट १७ औं पुस्ताका वत्सराज भट्ट पश्चिम नेपालको तत्कालिन डोटी राज्यका राजा भएको कुरा एकमतले उल्लेख गरिएका छन् । यिनको जन्म वि.सं. ११२७ मा भएको थियो । यिनी प्रकाण्ड विद्वान थिए । उनको विद्वत्वलाई सम्मान गर्दै तत्कालिन डोटीका राजा राधामाधवराज सिंहले महायज्ञ लगाएर त्यस यज्ञको मूल आचार्य बनाएका थिए । यज्ञ पुरा भएपछि राजाले आफ्नी एकलौटी कन्या छोरी शुभकन्या र राज्य दान गरेर राजा रानी वानप्रस्थमा गएका थिए ।[२१, २२] यसपछि वत्सराजका सन्तानहरूले तत्काल अजमेरु दरबार र त्यसपछि बझाङ.का, पौडी झोता दरबार आदिबाट त्यसक्षेत्रमा राज्य गर्न थाले । उनका छोरा वंशराज भट्ट (वि.सं. ११६०) वंशराजका छोरा श्रीवत्सराज भट्ट (वि.सं. ११८५) उनका छोरा श्री देव भट्ट (विसं. १२१५), श्री नन्द भट्ट वि.सं. १२३५) र श्रीराम पौडेल (वि.सं. १२५६) हालको पश्चिम नेपालका भूमिमा बसेको इतिहास छ । श्रीरामबाट पौडेल लेखिन थालेपछि हामीहरू आत्रेय र भट्टबाट पौडेल थरमा रुपान्तरण भएको प्रमाणिक तथ्यहरू सोही अनुसार सङ्कलित छन् ।

माथि उल्लेखित स्रोत सामग्रीहरूको चर्चा र विश्लेषणमा सोमनाथ आर्य (आत्रेय) लाई हाम्रा पुर्खाको मूल पुरुष भनिने तथ्यगत आधार भेट्न सकिएन । पं. तुलसीप्रसाद शर्मा पौडेलको लेखाईमा उहाँ कर्णाटकको महेशपुर (मैसुर) मा वि.सं. ५२० तिर जन्मनु भएको र त्यसपछि उहाले सौराष्ट्रमा भव्य सोमनाथको मन्दिर समेत निर्माण गर्नुभएको कुरा उल्लेख छ । यहि कुरालाई अन्य वंशावलीहरूमा उद्धृत गरिएको पाइन्छ । तर भारतका प्राचिन इतिहासमा इश्वीको सुरुबाटै उज्जैन, अवान्ती र मलवा सहितका क्षेत्रमा गुप्त सम्राटहरूको राज्य भएको र सोमनाथको मन्दिरको प्रसंङ्ग महाभारत र भागवतका कथाहरूमा इश्वी भन्दा पहिलाका समयलाई वर्णन गरेको पाइन्छ । यसरी हेर्दा हाम्रा पुर्खा सोमनाथले त्यहाँ बनाएको सोमनाथ मन्दिरको विषयमा प्राचिन भारतका इतिहासमा कतै उल्लेख गरेको भेटिएन । यदि त्यसप्रकारको प्रमाणिक इतिहासको आधार भेटिएमा उल्लेख गरिनु आवश्यक देखिन्छ तर प्रमाणिक आधार भेटिएन भने प्रस्तुत विवरणका विषयमा पुनर्विचार गरिनुपर्ने हुनसक्दछ ।

यी सबै तथ्यहरूका आधारमा पौडेल वंश महासंघले आफ्नो मूल नारा **"पौडेल थर, हाम्रो साझा घर"** बनाएको छ । सोही नाराको उपलव्धी अनुसार महासंघले नेपालमा प्रवेशगरेर राज्यगर्ने

---

[२१] पौडेल वंशावली २०६०, पृ. २०

[२२] पं तुलसी प्रसाद शर्मा, पौडेल २०६२

पहिलो पुरुष वत्सराजलाई आधारमानेर श्रीरामबाट क्रमाङ.क सुरुगर्दा उपयुक्त हुनजाने सम्भावना देखिएको छ ।

### ३. वंशावली संकलन तथा लेखान कार्य

वंशावली लेखन तथा सङ्.कलनका लागि कार्यविधि २०८१ ले स्पष्ट मार्गचित्र र जिम्मेवारी तोकेकाकारण वन्धुहरूको वंशावलीको संङ्.कलन कार्यमा सबैतहका उपसमितिहरू क्रियाशिल हुनुपर्ने र त्यसको सहजिकरणमा सबै केन्द्रीय पदाधिकारी एवं केन्द्रीय सदस्यहरूको भूमिका रहनजाने हुँदा सबैलाई यसकार्यमा सक्रियहुनका लागि अग्रह गर्दै संलग्न हुनका लागि प्रस्ताव गरिएको छ ।

### ४. पौडेल बन्धुहरूका लिखित वंशावलीहरू (२०८२ आषाढ सम्म प्राप्त)

| | |
|---|---|
| १ | पं. श्री हरिप्रसाद पौडेल, **पौडेल वंशा प्रकाश,** प्रकाशक, पैडेल वंश प्रकाशन समिति, धुलावरी, झापा, नेपाल, २०४२<br>● यस  वंश प्रकाशमा पं. हरिप्रसाद लेख्नुहुन्छ विक्रमको लगभग छैटौं सताब्दि तिर हालको उत्तर भारतको देहरादुन नजिक बस्ने आत्रेय गोत्रका श्री रंगनाभ ब्रह्मण किसान थिए । उनकै ११ औं पुस्ताका उदय भट्ट र त्यसपछिका वंशविस्तारहरूबाट पौडेलहरूको विस्तार भएको हो ।<br>● पौडेल ब्राह्मणहरू रंगनाभ देखि ११ औं पुस्ताका उदय भट्ट वि.स. १०५३ तिर  कान्यकुव्ज तथा कन्नौज बाट हिमालय क्षेत्रको पौडी तर्फ बसाइ सरी आएका हुन् भन्ने विषय उल्लेख गरिएको छ । उनै उदय भट्टका पाँचौं पुस्ताका वत्सराज थिए  (प्रस्तावना पृं ६) ।<br>● यस पुस्तकमा उल्लेखित तथ्यहरूलाई पौडेल वंशावली २०६० मा समेत आधार मानेर उल्लेख गरिएका छन् । |
| २ | विजयनाथ पौडेल, **पैडेल कुल प्रकाश,** प्रकाशक, श्री वासुदेव पौडेल, जाउलाखेल, ललितपुर, पसहला संस्करणम २०४६, दास्रो संस्करण २०७४<br>● यस पौडेल कुल प्रकाशको पहिलो संस्करण वि.सं. २०४६ मा प्रकाशन हुँदा पं हरिप्रसाद पौडेलको ‘पौडेल वंश प्रकाश’ मा पौडेल वंशका वंशावली प्रकाशति थियो र विजयनाथले त्यहींबाट पैौडेलहरूका विषयहरूलाई उद्यृतगर्दै केही तथ्यहरूको प्रकाश पारेको देखिन्छ । जस्को उदाहरणमा श्री रङ.गनाभको विषय पं. हरिप्रसाद पौडेलको पुतकमा मात्र भटिन्छ । तर दोस्रो संस्करणको प्रकाशन गर्दा धेरै वंशावलीहरू प्रकाशित भईसकेका छन् । पं. तुलसीप्रसाद शर्मा पौडेलको केही पौडेलहरूको आ)शिक वंशावली वि.सं. २०५९ र २०६२, पौडेल वंशावली २०६० मुख्य रहे । दोस्रो संस्करणमा ती वंशावलीका आधारमा विजयनाथले पनि केही परिस्कृत गरी प्रकाश पार्नु भएको कुरा ‘द्वित्तीय संस्करणमा प्रधान सम्पादकको कथन’ मा उललेख गर्नुभएको छ ।<br>● विजयनाथ लेख्नुहुन्छ उदय भट्टको पुरानाम उदयानन्द भट्ट तर अरु वंशावलीहरूमा उदै वा उदयदेव भट्ट लेखिएको छ<br>● विजयनाथले एकमात्र श्री वत्सराज र उनको जन्म मिति वि.सं. १२४६ लेख्नुभएको छ तर अरु वंशावलीहरूमा वत्सराजको जन्म मिति  (वि.सं.११६०) र श्री वत्सराजको (वि.सं. ११८५) छ । |

| | |
|---|---|
| | • विजयनाथले उदयनन्न भट्टको जन्मस्थल भारतको पहिला उल्लेखित मलावाको धरानगर नभएर थापाको वंशावलीमा प्राप्त लक्ष्मणको वंशावलीमा उल्लेख गरिएको शारदा नदी र रापती नदीको संगमस्थलको धरानगर भएको हुनसक्ने सम्भावनालाई उल्लेख गर्नुभएको छ ।<br>• यस वंशावीमा पौडेल पंशावलीको क्रमाङ्क २८ का जयदासका सन्ततिहरूमध्येका २९ का कालु, ३० का नारायण, ३१ का धर्मदास (लाहाचोकमा आउने) र ३२ का गोपाल (काठमाडौं उपत्यकामा आउने) बाट वंश वृद्धिको विवरण प्रस्तुत गरिएको छ । |
| ३ | काशीराम शर्मा पौड्याल, **केही पौड्यालहरूको वंशावली दिग्दर्शन,** प्रकाशक , श्री दिवाकर पौडेल, श्री हरिप्रसाद पौडेल, श्री मित्रप्रसाद पौडेल श्री सु. टुमलाल पौडेल, श्री खुरनाथ पौडेल, श्री इन्द्रप्रसाद पौडेल, २०५२<br>• यस वंशावलीमा पहिलो मूलपुरुषको सुरुवात उदय भट्टबाट गरिएको छ ।<br>• यसमा धेरै ऐतिहासिक तथ्यहरूको उजागर गरिएका विस्तृत विवरण उपलब्ध छन् । त्यसमा धेरै बागलुङ., गुल्मी र पर्वतका स्थानहरू प्रस्तुत गरिएको छ ।<br>• यस वंशावलीमा उल्लेखित तथ्याङ्कहरूका आधारमा पौडेल वंशावली २०६० मा धेरै स्थानका बन्धुहरूको विवरण प्रस्तुत गरिएको छ । |
| ४ | **पौडेल वंशावली,** प्रकाशक, आत्रेय वंश अनुसन्धान पौडेल वंश राष्ट्रिय समिति, भरतपुर-१, देवघाट, चितवन नेपाल,, २०६०<br>• पं. विद्यापतिद्वारा लिखित वंशावली शाके १८०९ (वि.सं १९४३ तिर) मा उल्लेखित तथ्यहरूलाई समावेश गरिएको छ । तर प्रथम मूल पुरुष सोमानाथबाट क्रमाङ्क कायम गरिएको छ ।<br>• यो वंशावलीमा धेरै बन्धुहरू जोडिएकाकारण यसलाई वंशावलीको आधार स्रोत मानिएको छ ।<br>• पौडेलहरूको आगमन "मुस्लिम अत्याचार खप्न नसकेर उदय भट्टका खलक धर्मरक्षार्थ वर्तमान कन्नौज छोडेर टेहरी गढवालको श्रीनगर गएर बसेका थिए । पछि पौडी हुँदै नेपाल प्रवेश गरेका भनिन्छ । यिनीहरू उत्तरकाशी (पौडी) भएर तत्कालिन डोटी राज्यको अजयमेरु, बभ्काड.को पौडी (कालिकोट), जुम्ला भएर पूर्वतिर सर्दै आए र १२ औं शताव्दीपूर्व नै नेपाल प्रवेश गरिसकेका थिए" (पृ. १५) |
| ५ | पं. तुलसीप्रसाद शर्मा पौडेल, **केही पौडेलहरूको आंशिक वंशावली,** प्रकाशक, पं. तुलसी प्रसाद शर्मा पौडेल, प्रथम संस्करण २०५९ र दोस्रो संस्करण २०६२<br>• सोमनाथ आत्रेयलाई हाम्रा पुर्खाको एक नम्वरमा राखेर यस वंशावलीमा सबै सन्ततिहरूको पुस्ता नम्वर राखिएको छ ।<br>• सोमनाथ आत्रेयको जन्म वि.सं. ५२० साल तिर भारतको कर्णाटक प्रदेशको महेशपुर (मैसुर) मा भएको थियो भनिएको छ ।<br>• यिनी दक्षिाण भारतका ठूला विद्वान, धनाढ्य तथा कुशल प्रशासक थिए ।<br>• यिनी पछिका १३ औं पुस्ताका उदय भट्टको जन्म वि. सं. ९९२ साल तिर भारतको धरानगर (जोधपुर) मा भएको थियो ।<br>• उदय भट्ट चितौरका खान्दानी भट्टारक (राजा) का राजगुरु थिए । चितौरगढका राजालाई वि.सं. १०२६ मा |

| | |
|---|---|
| | मुस्लिमको आक्रमणबाट परास्त गरेपछि अचानक उनी मानसरोवरको यात्रामा निस्किएर कैलाश पर्वतको दर्शन पछि श्रीनगरमा बसोबास गर्न थाले । उनैका सन्तानहरू पछि उत्तरकाशी, गढवाल र पौडी हुँदै डोटीमा आएर वत्सराज डोटीका राजा बन्न पुगे । |
| ६ | भक्तिप्रसाद पौड्याल, श्री रामप्रसाद पौड्याल, म**<u>णिपुर प्रान्तीय पौड्याल वंशावली,</u>** प्रकाशक, पौड्याल वंश कल्याण समिति, मणिपुर, २०६३,<br>● मणिपुर भारतमा ७०/८० हजार गोर्खाहरू रहेको र त्यहाँ पनि पौडेलहरूको बाक्लो उपस्थिति रहेको कुरा उल्लेख छ । वंशावलीमा ती बन्धुहरूका पुर्खाको हाँगो जोडाउनु पर्ने देखिन्छ ।<br>● यस वंशावलीमा पुर्खाहरू कहाँका थिए भन्ने विवरण स्पष्ट उल्लेख भएको छैन । |
| ७ | पुण्यप्रसाद पौडेल, **<u>आत्रेय देखि पौडेलसम्म, सैंपु अवस्थलो</u>**, प्रकाशक पौडेल वंश संस्कृति प्रवर्द्धन समाज, काठमाडौं, २०६४<br>● यस वंशावलीको मुल आधार यस भन्दा पहिलाका वंशावलीहरूलाई लिइएको छ ।<br>● सैंपुका पौडेलहरूको वंश विकास क्रमाङ्क ३१ का धर्माखर (जन्म मिति वि.सं. १५४५) का सन्ततिहरूबाट किस्तार भएका क्रमाङ्क ३४ का विश्वामित्र -जन्म मिति वि.सं. १७१०) का सन्तानहरूको सैंपुमा भएको वंश विवरण उल्लेख छ ।<br>● यस पुस्तकमा  वंशावलीका अतिरिक्त पूजविधि र अन्य ऐतिहासिक प्रसङ्गहरू उल्लेख गरिएका छन् । |
| ८ | गुरुप्रसाद पौडेल, **<u>वरेली पौडेल वंशावली,</u>** प्रकाशक, हरिराम पौडेल, वासुदेव पौडेल, राजुप्रसाद पौडेल, २०६६<br>● बरेली पौडेल भनेर परिचित छ ।<br>● सुवर्णका सन्ततिहरू मध्ये धुल्लुबाट आएका भनिएका तर वंश नजोडिएको अवस्था छ । |
| ९ | तीर्थराज पौडेल, पं. तरानाथ शर्मा र कृष्ण बहादुर के.सी., **<u>थात थलो पाउँदुर र पौडेल वंशावली,</u>** प्रकाशक, श्री ताराखर पौडेल वंश अनुसन्धान प्रतिष्ठान, ढिकुर पोखरी ७, पाउँदुर धारापानी, २०७०<br>● यस वंशावलीमा पौडेल वंशावी २०६० मा उल्लेखित क्रमाङ्क ४० का ताराखरका सन्ततिहरूको वंश वृद्धिका विवरणहरू उल्लेख गरिएको छ । |
| १० | **<u>श्री हरिभक्त पौडेल वंश स्मृति प्रतिष्ठान एवं हरिभक्तका वंशजको विवरण,</u>** प्रकाशक, हरिभक्त पौडेल वंश स्मृति प्रतिष्ठान, टक्सार-५, (आहाले) स्यांजा, २०७२<br>● पौडेल वंशावली २०६० (पृ. २६७) मा उल्लेख भएअनुसार  (४४) भिरैसिरै, (४५) शंकर, (४६) सदु, (४७) लक्ष्मीभक्त  बाट वंशवृद्धि भएका ।<br>● श्री हरिभक्त हालको स्यांजामा पर्ने उखुबारी बाट बसाइ-सराई गरेर स्यांजाकै टक्सार आहाले भन्ने स्थानमा गई बसोबास गरेका र त्यहाँबाट वंशवृद्धि भएर अन्यत्र गएका वन्धुहरूको विवरण उल्लेख गरिएको छ । |
| ११ | **<u>पैडेल वंशावली: मर्भुङ-भिम्पा,</u>** पैडेल वंशावली प्रकाशन समूह, मर्भुङ-भिम्पा, २०७२<br>● यस वंशावलीमा उल्लेखित  मूल हाँगो र मूल पुरुषहरूको विवरण हालसम्म प्राप्त/उपलब्ध अन्य वंशावलीसंग जोर्डिको देखिएन । |

| | |
|---|---|
| | ● यस वंशावली पुस्तकमा उल्लेख गरे अनुसार भट्टराज यमराजसंगै बाग्लुड. झिम्पा आउने मूलपुरुष उमापति पौडेल, उमापतिका सन्तान जनपति, उनका छोरा अनिरुप, उनका छोरा कामदेव र कामदेवका दुई छोरा मध्ये तुलसीराम र रामभद्र ।<br>● तुलसीराम (अर्घाखाँची) का छोरा रघुनाथ र लोकेश्वर मध्ये रघुनाथका पाँचभाई छोराहरूमा महन्तका छोरा वा नाती शिवरामका सन्तानहरूको् विवरण यहाँ प्रस्तुत छ (पृ. ५ र पछिका वंशचित्र) । |
| १२ | देवीप्रसाद शर्मा, **कुल दर्पण स्मारिका,** प्रकाशक, कालापौडेलबन्धु कुल संरक्षण एवम् व्यवस्थापन समिति बेनपा, ६, बाँस्कोट म्याग्दी, २०७४<br>● देवपूर्णमा कुलपूजागर्ने भाइबन्धुहरूको वंशावली<br>➢ *केही तथ्यहरू छुट्न गको छ पछि पुरा गरिने छ* |
| १३ | विष्णुप्रसाद खत्री, **बझाड. संक्षेप,** प्रकाशक डा. किशोरप्रसाद खत्री, २०७४<br>● बझाड.को समग्र सेरोफेरोका विषयमा उल्लेख गरिएको छ ।<br>● पौडेल वंशावली २०६० लाई आधार मानेर सोमनाथ देखिको वर्णन गरिएको छ ।<br>● बझाड.का कनाडाका भट्ट -पौडयाल र अन्यको छोटो वंशावली प्रस्तुत गरिएको छ । |
| १४ | रमेश चन्द्र पौडे, **बंशलता -पौडेल नातागोता नालीबेली,** प्रकाशक, लीला देवी पौडेल,, २०७५<br>● यस वंशालतामा अर्घौ अर्चले कास्कीका मुष्टु पौडेलका वंश र तीनका छोरीतर्फका पनि सन्ततिहरूको विवरण उल्लेख छ ।<br>● अर्घौ अर्चलेबाट स्याम्घा तनहुँ गएका विष्णु प्रसाद पौडेलको वंशलता उल्लेख गरिएको छ ।<br>● अर्घौ अर्चलेबाट पाल्पा माडी चित्रेडाँडा गएका गुरुप्रसाद पौडेलका वंशलता संलग्न छ ।<br>● कार्कीनेटा पर्वतका इन्द्रमणी पौडेलका वंशलता प्रस्तुत गरिएको छ । |
| १५ | **पैडेल वंशावली, आरुखर्क, स्याड.्जा,** प्रकाशक, आरुखर्क पौडेल कुल मन्दिर व्यवस्थापन समिति , आरुखर्क, स्याड.्जा, २०७५<br>● यस वंशावलीको मूल आधार पौडेल वंशावली २०६० लाई बनाइएको छ ।<br>● यस वंशावलीका मूल पुर्खा क्रमाड.्क ३५ का लक्ष्मीनारायण, क्रमाड.्क ३६ का राधाकृष्णका छोरा ब्रहमनका वंशका आदित्यराज र ध्रुवराजबाट वंशवृद्धिभएका सन्ततिहरूको विवरण समावश छ । |
| १६ | ध्रुवराज पौडेल, **खहरेली पौडेल वंशावली,** प्रकाशक, खहरेली पौडेल वंशावली प्रकाशन मूल समिति, २०७५<br>● उदय भट्ट देखि ३१ औं पूस्ताका राधावल्लभ (वीलभद्र) तनहुँको मानेचौकाबाट खहरे आएका वंशको विस्तार उल्लेख छ । |
| १७ | चन्द्रमणी पौडेल, **आत्रेयी पैडेल बन्धुः वंशावली (पुल्हाश्रम कालिओढारमा पुजन गर्ने बन्धुहरू),** प्रकाशक, श्री आत्रेयी पौडेल बन्धुसमाज, म्याग्दी, २०७६<br>● यस वंशावलीमा पौडेल वंशावली २०६० मा उल्लेखित क्रमाड.्क २५ का सदु (सदाशिव), २६ का श्री वत्स ( वत्सराज), २७ का शिवु, २८ का देवज्ञबल्लभ, २९ का जयदेव, ३० का शुकदेव, ३१ का विश्वरुप (बिरु |

| | |
|---|---|
| | उपाध्यय) लाई उल्लेख गरी ३२ का धर्माकरका सन्ततिहरूको वंशविस्तारलाई समेटेको छ ।<br>➢ *यस वंशावलीमा रिमुवाका पौडेल वंशावलीमा म्यग्दीको राखुबाट आएका विरु उपाध्यायबाट रिमुवाका पौडेलको वंशवृद्धि भएको र त्यस माथिको विषय थाहा नभएको भन्ने उल्लेख भएकोमा यस वंशावलीमा उल्लेखित विरु उपाध्याय वि.सं. १६१० मा पुला पाल्लेखेत विर्तापाउने व्याक्ति भनिएको छ । यस विषयमा रिमुवाका बन्धुहरूसंग बसेर निर्क्यौल गर्नुपर्ने देखिन्छ ।* |
| १८ | रामकुमार पौडेल, घोराही, दाड., **दाड. जिल्लाका चाँचले पौडेलहरूको वंशावली,** प्रकाशक, मोहन पौडेल, २०७६<br>● यस पंशावलीमा समेटिएका चाँचले पौडेलहरू अर्घाखाँची जिल्लाको ढाकावाड.बाट वि.सं. १९६३ तिर दामोदर पौडेलका चारभाइ छोराहरू मध्ये माहिला तुलसी, साहिंला चिन्तामर्णि र कान्छा नित्यानन्द (वेदुबा) बसाइसराइ गरी तत्कालिन रोल्पा जिल्लाको चाँचल हाल दाड.ग जिल्लाको घोराही उ.न.पा. आईपुगेका रहेछन् । तिनका सन्तीहरूको विवर(ा यहाँ प्रस्तुत गरिएको छ । |
| १९ | रामप्रसाद पौडेल, **कल्लेरी डाँडा सेता पौडेलबन्धु समाज रसुवाको वंशावली,** प्रकाशक, आत्रेय गोत्रीय पौडेल, कल्लेरी डाँडा सेता पौडेलबन्धु समाज, उत्तरगंगा ट्ट, डाँडागाउँ भदौरे, रसुवा, २०७७<br>● वि.सं. १८४५ तिर पश्चिम नेपालका कास्की, पर्वत बाग्लुड.मा हैजाको महामारी बाट परिवार गुमाएर विक्षिप्त भएका इच्छाराम पौडेल अरु दुईजना छिमेकि सहित रसुवा पुगेको र उनका सन्ततिहरूको विवरण उल्लेख गरिएको छ । |
| २० | ब्रह्मलाल पौडेल वंशोद्धार समिति (डुम्रिसे ओसे), ब्र**ह्मलाल पौडेल वंशावली,** प्रकाशक, ब्र्ह्मलाल पौडेल वंशोद्धार समिति ताप्लेजुड. झापा (डुम्रिसे ओसे), २०७७<br>● यस वंशावालीमा डुम्रिसे, ओसे र चाक्सीवोटे पौडेलका विषयमा उल्लेख छ ।<br>● यसमा शिवनारायणका छोरा मनहरि, मनहरिका छोरा जयनारायण र जयनारायणका छोरा ब्रह्मलालाका पुस्तौनी सन्ततिहरूको विवरण उल्लेख छ । |
| २१ | डा. नारायणप्रसाद पौड्याल, **धुल्लुका पौड्यालहरूको वंशवृक्ष तथा बसाइ-सराईः एक अनुसन्धानात्मक अध्ययन,** क्याम्बिज पब्लिकेसन प्रा. लि., २०७७<br>● पौडेल वंशावली २०६० मा उल्लेख भएअनुसार (३८) शक्तु (सन्तराम) का छोरा (३९) सुवर्ण बाट वंशवृद्धि भएका धुल्लु (हालको जैमिनी नगरपालिका बागलुड.) मा बसोबास गर्ने र त्यहाँबाट बसाइ-सराई गरेर अन्यत्र गएका वन्धुहरूको विवरण उल्लेख गरिएको छ । |
| २२ | दीपकप्रसाद पौडेल, **मण्डन धाइटार मूलथलो भएका पौडेल बन्धुहरूको वंशावली,** प्रकाशक, श्री कुलदेवता मन्दिर निर्माण समिति, मण्डन धाइटार काभ्रेपलाञ्चोक, २०७८<br>● यस वंशावलीमा पौडेल वंशावली २०६० मा उल्लेख गरिएका सोमनाथ आत्रेयदेखिका २८ पुस्ताका जयदास ( जन्म मिति वि.सं. १४०५) र त्यसपछिका २९ पुस्ताका कालुबाट वंशवृद्धिभएका बन्धुहरूको विवरण उल्लेख गरिएको छ (पृ.५८)। |
| २३ | ज्ञानप्रसाद पौडेल, **पैडेल वंश दर्पण, टारकेराबारी ओखलढड.्गा,** प्रकाशक, सिद्धपुर्खा पौडेल वंश विकास समाज-मझुवा पौडेल सेवा समाज मूल सर्मिति-टारकेराबारी लिखु गा.पा. ८ टारकेराबारी, ओखलढुड.्गा, २०७८ |

| | |
|---|---|
| | ● यस वंशावलीमा त्रिशुली नदी पूर्व गएका पौडेल पुर्खाहरू सिस्नेरी, लुभु, फर्पिङ.हुँदै ने सं ८४१ (वि.स. १७७८ तिर) मा तत्कालिन राजा महेन्द्र सिंह मल्लबाट कुशविर्ता पाएर टार केराबारी हालको लिखु गा.पा ओखलढुंगामा पुगेका प्रद्युम्न उपाध्याय बाट वंशवृद्धि भएका वंशहरूको विवरण प्रस्तुत गरिएको छ। |
| २४ | **धुल्लेली पौडेलहरूको वंशावली,** प्रकाशक, धुल्लेल पौडेलहरू, २०७९<br>● पौडेल वंशावली २०६० (पृ. ६३) मा उल्लेख भएअनुसार (३८) शक्तु (सन्तराम)का छोरा (३९) सुवर्ण बाट वंशवृद्धि भएका धुल्लु (हालको जैमिनी नगरपालिका बागलुङ.) मा बसोबास गर्ने र त्यहाँबाट बसाइ-सराई गरेर अन्यत्र गएका वन्धुहरूको विवरण उल्लेख गरिएको छ। |
| २५ | धारापानी पौडेल परिवार एकता समाज, नेपाल, **काभ्रे कानपुरका धर्माखर पौडेलका पाँचौं पुत्र वासुदेवका सन्तति धारापानी पौडेलपरिवारको वंशवृक्ष,** जुगल १, सिन्धुपाल्चोक, प्रकाशक, धारापानी पौडेल परिवार एकता समाज, नेपाल, २०७९<br>● यस वंशावलीमा धर्माखरका छोरा वासुदेव र त्यसपछिका पुस्ताका सन्ततिहरूको विवरण उल्लेख गरिएको छ। |
| २६ | केशवप्रसाद शर्मा पौडेल, **बाबियाखर्क पौडेल परिवार,** प्रकाशक, पैडेल परिवार रामेछाप बावियाखर्क, २०७९<br>● करिव १० पुस्ता अघि (४०० वर्ष पहिला) काभ्रेको कानपुरबाट आएका एक पौडेल परिवारबाट यहाँको बसोबास सुरु भएको थियो।<br>● रामेछापको सदरमुकामबाट ३ देखि ७ किलोमिटरको दूरीमा अवस्थित बाबियाखर्क र कानपुरबाट अर्को परिवार सैंपु मा बसोबास गरेका छन्।<br>● सैंपु तथा बाबियाखर्क दुवैठाउँका परिवारहरू धर्माखरका पुत्र लक्ष्मीदासका सन्तान भएकोले यस दस्तावेजमा समेत पुण्य प्रसादले प्रकाशन गरेको अत्रेय देखि पौडेलसम्मः सैंपु अवस्थलो, पौडेल वंश संस्कृति प्रवर्धन समाज, सरस्वतीनगर, चावहिल, काठमाडौं, २०६४ मा मिल्नेगरी पुस्तामा एकरुपता कायम गरिएको छ।<br>● धर्माखर नुवाकोट र कानपुरमा बसोबास गरेका र वि.सं.१९९५ मा लक्ष्मीदास रामेछाप गएका विवरण सहितको वंशावलीमा उल्लेख गरिएको छ। |
| २७ | विष्णुहरि पौडेल, **तामाकोटको पौडेल वंश र कुल-पूजा,** प्रकाशक, दुर्गा पौडेल, २०७९<br>● आजभन्दा करिव ४५० वर्ष अघि तामाकोट (रुपाकोट) का पौडेलहरू कास्कीको हेमजाबाट गएका दामोदरका पनाति, पिताम्वरका नाति, नेत्रलालका छोरा करुणाका आफ्ना तीन छोराहरू मध्ये जेठा देवकुमार र माहिला हरिहरलाई लिएर आए पछि उनैले पहिलो पौडेल बस्ती बसाएका थिए। |
| २८ | विश्वनाथ पौडेल, **हर्पन पौडेल वंशावली, पाखरा २३, हर्पन,** प्रकाशक, नेत्रकुमारी तथा विश्वनाथ पोडेल, २०८०<br>● यस वंशावलीमा शक्तुका जेठाछोरा ताराखरको वंश बाग्लुङ.को छिस्तीबाट कास्कीको पाउँदुर गएको र उनका जेठाछोरा नारायण हर्पन गएको उल्लेख गरिएको छ।<br>● त्यहाँबाट विकास भएका सन्ततिहरूको विवरण उल्लेख गरिएको छ।<br>● तर वंशावलीको क्रम संखयामा शक्तुलाई (४९), ताराखरलाई (५०) र नारायणलाई (५१) मा राखिएको छ। जवकि पौडेल वंशावली २०६० मा शक्तु (सन्तराम) ३८ का जेठाछोरा ताराखरलाई ३९ क्रममा राखिएको छ पृ. |

| | |
|---|---|
| | ६३) । |
| २९ | टिकानाथ पौडेल, **<u>अर्घौं अर्चलेका पैडेलबन्धुको वंशावली,</u>** पकाशक, टिकानाथ पौडेल, २०८०<br>● देवराज (देउसु) वि.सं. १३६८ का छोरा रंगनाभ का छोरा मष्टराजले अर्घौं विर्ता खाएर आएका वंशको पुस्तेवारी उल्लेख गरिएको छ । |
| ३० | पैाडेल वंशावली दोस्रो संशोधन २०८१, **<u>पौडेल वंशावली, सुर्खेत,</u>** प्रकाशक, पैडेल वंश महास)घ जिल्ला कार्यसमिति सुर्खेत, २०८१<br>● यो वंशावली पौडेल वंश महासंघको अवधारणा अनुसार पहिलो पालिका स्तरका बन्धुहरू समेटेर तयार गरिएको जिल्ला स्तरीय वंशावली बनेको छ ।<br>● यस वंशावलीमा पुस्तााान्तरण भन्दा पलिका स्तरमा रहेका बन्धुहरूको संख्या र उनीहरूको वंशवृद्धिलाई समेटिएको तथ्यांड.कमूलक दस्तावेज बनेको छ । |
| ३१ | अ.उ.से. लाल प्रसाद पौडेल,, **<u>दोलखा जिल्ला मेलइ गाउँपालिका वडा नं ६ सिम्रास, पौडेलहरूको वंशावली</u>**, प्रकाशक, द्योलखा जिल्ला  मेलुड. गा.पा. सिम्रास पौडेल गाउँ, २०८१<br>● यस वंशावलीमा सिम्रासका पौडेल बन्धुहरूको पुस्तेवारी  उल्लेख छ ।<br>● सिम्रास पुग्ने बन्धुहरू पौडेल वंशावली २०६० मा उल्लेख गरिएका (क्रमाड.क २२) श्रीरामका छोरा हरिदत्त (२३) हालको जुम्लाको सिन्जा पुगेका थिए । उनैका वंशका चेवनराज (२५), सिन्जाबाट इश ु(इस्मा ?) गाउँ पुग्का थिए । मोतिराज (२६) र योगा (जोगा ? २७) (१३६८) र उनका सन्तान जयदास (२८) (१४०५), चन्द्रराज (२९) (१४४०), चामु (३०) (१४९०), धर्माखर (३१) (१५४५) जन्मे । धर्माखर काठमाण्डौ गएपछि उनका छोरा लक्ष्मीदास (१५९३) जन्मे र उनका सन्ततिहरू इन्द्रराज (१६५५), हरिदास (१६९५), कृष्णदास (१७४०), र विश्वामित्र (१७७२) मध्ये विश्वामित्रले राजा जयप्रकाश मल्लबाट विर्तापाएर उनी काभ्रे जिल्लाको तेमालको कानपुरमा गएर बसे ।<br>● विश्वामित्रका चार छोराहरूमा जेठा सुदर्शन कानपुरमा, माहिलो छोरा कुवेर भारत तर्फ गएछन्, साइलो ऋषिराम रामेछाप सैंपु गएछन् र कान्छो बालानन्द दोलखाको सिम्रास आएका रहेछन् भन्ने विवरण उल्लेख गरिएका छन् ।<br>● यस वंशावलीमा बालानन्दबाट वंशवृद्धि भएका बन्धुहरूको विवरण उल्लेख छ । |
| ३२ | डा. खडानन्द पौडे, भेषराज पौड्याल, **<u>रिमुवा पौडेल वंशावली,</u>** प्रकाशक, रिमुवा पौडेल सेवा समाज, काठमाडौं, २०८१<br>● म्यग्दीको राखुबाट रिमुवा गएका बिरु उपाध्यायको वंश विस्तारका विवरणहरू उल्लेख गरिएको छ ।<br>● यस वंशावलीमा वीरुभन्दा अगाडिको पुस्ता थाहा भएन भन्ने उल्लेख छ तर पुलहाश्रम कालिओढारमा कुल पुजन गर्ने बन्धुहरूको वंशावलीमा विश्वामित्र (विरु) उपाध्यय उल्लेख छ र वि.सं. १६१० मा पुला पाल्लेखेत विर्तापाउनेको नाम छ । तिनै विरु उपाध्याय हुन् वा अन्य त्यो अध्ययनको विषय हुनेछ । |
| ३३ | वुद्धिमान पौडेल, संखुवासभा **<u>तेल्लोकमा मूलथलो भएका अविदल वंशका पौडेलहरूको वंशावली,</u>** प्रकाशक, वुद्धिमान पौडेल / हरीमाया पौडेल, २०८१ |

| | |
|---|---|
| | ● अविदल यस संग्रहमा पहिलो पुस्ता भनिएका पुर्खा हुन ।<br>● उनी वि.सं. १८७५ तिर खोटाङ.को चुङ.चुम्मा प्वाला हाल दिप्रुङ. चुङ.चुम्मामा जन्मिएका थिए । उनको संखुवासभा साविक तामाफोक गाविस हाल धर्मदेवी न पा को तेल्लोकमा खड्का संग विवाहगरेका उनी उनको असामयिक देहावसान पछि उनका परिवार माइतीमा वसेका थिए । |

**५. विभिन्न वंशावलीहरूको अध्ययन गर्दा देखिएका केही दुविधाहरू:**

१. बच्छराजको समय र सन्तती फैलावटको विवरण सम्बन्धी तथ्यहरू पहिचान गर्ने
पौडेल वंशावली चितवन २०६० को पृष्ठ २१,२२,२३, ५३ मा उल्लेख भएको विवरण
पौडेल वंश प्रकाश झापा २०४२ को पृष्ठ ५ मा उल्लेख भएको विवरण
नेपालको तथ्य इतिहास, २०७८, राजाराम सुवेदी, पृष्ठ १०४,११८,११९ को विवरण

२. सिपा मण्डनका तुलारामका पूर्वज सम्बन्धी तथ्यहरू पहिचान गर्ने
पौडेल वंशावली चितवन २०६० को पृष्ठ ५३, ५४, ५५, २०७, ३५६ मा उल्लेख भएको विवरण
पौडेल वंश प्रकाश झापा २०४२ को पृष्ठ ३, ७१ मा उल्लेख भएको विवरण
पौडेल वंश पुराण इटहरी २०६६ को पृष्ठ ४ मा उल्लेख भएको विवरण
पौडेल कुल प्रकाश सिस्नेरी, २०७४ को पृष्ठ २३ मा उल्लेख भएको विवरण
मण्डनधाईटार ......का पौडेल बन्धुहरूको वंशावली २०७८ को पृष्ठ ५९ मा भएको विवरण

३. जैदास (जयदास) का छोरा कालुराम, चन्द्रा, चेतु र प्रेमदास सम्बन्धी तथ्यहरू पहिचान गर्ने
पौडेल वंशावली चितवन २०६० को पृष्ठ ५३, ५४, ५५, ५९,६३, १०६, १११, १९५ को विवरण
पौडेल वंश प्रकाश झापा २०४२ को पृष्ठ २, ८२ मा उल्लेख भएको विवरण
आत्रेय ..... सैपु अवस्थलो २०६४ को पृष्ठ ४६-४८ मा उल्लेख भएको विवरण
काभ्रे कानपुरका धर्माखर पौडेलको वंश विस्तार २०७५ को पृष्ठ २४, ४६, ४७ को विवरण

४. सैपु विर्ता लिने ऋषिका पूर्वज लक्ष्मीदासका बाबु बाजे सम्बन्धी तथ्यहरू पहिचान गर्ने
पौडेल वंशावली चितवन २०६० को पृष्ठ ५३, ५४, ५५, ५९,६३, १०६, १११, १२२ को विवरण
पौडेल वंश प्रकाश झापा २०४२ को पृष्ठ २, ८२ मा उल्लेख भएको विवरण
आत्रेय ..... सैपु अवस्थलो २०६४ को पृष्ठ ४६-४८ मा उल्लेख भएको विवरण
काभ्रे कानपुरका धर्माखर पौडेलको वंश विस्तार २०७५ को पृष्ठ २४, ४६, ४७ को विवरण

५. कानपुरका धर्माखर उनका सन्तती र पूर्वज सम्बन्धी तथ्यहरू पहिचान गर्ने
पौडेल वंशावली चितवन २०६० को पृष्ठ ५३, ५४, ५५, ५९,६३, १०६, १११, १२२ को विवरण
पौडेल वंश प्रकाश झापा २०४२ को पृष्ठ २, ८२ मा उल्लेख भएको विवरण
आत्रेय ..... सैपु अवस्थलो २०६४ को पृष्ठ ४६-४८ मा उल्लेख भएको विवरण
काभ्रे कानपुरका धर्माखर पौडेलको वंश विस्तार २०७५ को पृष्ठ २४, ४६, ४७ को विवरण

६. गाम्नाङ टार केराबारीका प्रद्युम्न पाध्या उनका सन्तती र पूर्वज सम्बन्धी तथ्यहरू पहिचान गर्ने
पौडेल वंशावली चितवन २०६० को पृष्ठ १२४, १७१ को विवरण
आत्रेय ..... सैपु अवस्थलो २०६४ को पृष्ठ ७८,७९,८० मा उल्लेख भएको विवरण
पौडेल वंश दर्पण टारकेराबारी २०७८ को पृष्ठ ६४,६५ मा उल्लेख भएको विवरण

७. काठमांडौबाट प्राप्त एक उल्लेखमा वंशराजको नाउँ छैन र 'श्रीकृष्ण' नै सिग्दी बस्ने सिग्देल हुन् भनेको छ । श्रीवत्सका पुत्र 'श्रीदेव' लाई पौडेल पूर्वज मानेको छ । (पृ. ६, पौडेल वंश प्रकाश, २०४२)

८. धनकुटा सल्लेमा प्राप्त लिखतमा एकमात्र नाम बच्छराज उल्लेख ।

९. स्मारिका, आत्रेय वंश अनुसन्धान प्रतिष्ठान पौडेलवंश राष्ट्रिय सम्मेलन, २०५६ ।

- यस पुस्तकमा अनुसन्धानमूलक लेखहरू प्रकाशित छन् । केशवनाथ पौडेल र जनार्दन शर्मा पौडेलद्वारा "पौडेल थर उत्पत्तिको आधार : एक विश्लेषण" मा लेखिएको छ :
- कान्यकुब्ज शब्दको अर्थ "अन्तरवेदी" अर्थात दुई नदी बीचको भाग भन्ने हुन्छ ।
- मुस्लिम आक्रमण पछि र अगाडि नेपाल पसेका भनी इतिहास छुट्याउने ठोस आधार कुल देवता मष्टो र गोठ पुजा नै हो । कारण बस कुल पूजा नगर्नेहरू पनि गोठ पूजा गर्दछन् । मुस्लिम आक्रमण पछि अर्थात बाह्रौं सताब्दी पछी नेपाल पसेकाहरूले मष्टोलाई मानेको पाईंदैन ।
- बत्सराज र यिनी पछिका वंशक्रममा पुस्ता र नामावलीमा एकरुपता पाइँदैन । (पृ ४७)

१०. पौडेल वंश पुराण, पौडेल सेवा समन्वय समिति, इटहरी, २०६६ ।

यस पुस्तकमा धनकुटा सल्ले मूल थातथलो कायम गरी बस्ने गंगासागरका सन्ततिहरूको वंश विवरणलाई कविता बनाई प्रकाशन गरिएको छ । सोमनाथका २९औं पुस्तामा पर्ने जयदाशका छोरा कालु उनका धुरु तथा धुरुका बासुदेव हुँदै यो वंशशाखा सि.पा. विर्ताबाट पूर्वतर्फ लागेको भनिएको छ । बासुदेवका दामोदर, दामोदरका तुलाराम, तुलारामका प्रयागदास हुँदै आगाडि बढेको यो वंशमा प्रयागदासका छोरा जगन्नाथ सि.पा.बाट पूर्व गएका र उनका तीन भाई छोरा मध्ये माहिला शंकरका नाती गंगासागर धनकुटा सल्ले थातथलो कायम गर्ने पुर्खा हुन् भनी उल्लेख छ ।

# वंशावली सम्वन्धमा छलफल र निर्णयका लागि प्रस्ताव

**प्रस्ताव १:** उपलव्ध प्राचिन इतिहास र विभिन्न वंशावलीहरूमा उल्लेखित तथ्यहरूका आधारमा आर्यवंशका आत्रेय गोत्री ब्रह्मणहरूको मूल उत्पत्ति ककेसस देखि हिन्दकुश हिमालय क्षेत्रमा नै भएको भन्ने तथ्यहरू उपलव्ध छन् । त्यसकारण हाम्रा पुर्खा दक्षिण भारतबाट आएका हुन भन्ने कुरा मिल्दो देखिंदैन । सोही अनुसार पौडेल वंशको उद्भव, फैलावट र विस्तारको विषयमा वंशावलीमा सुधारको लागी विज्ञजन तथा बन्धुहरूबाट व्यापक रुपमा छलफल गरी धारणा संकलन गर्न आवश्यक छ ।

**प्रस्ताव २:** हामी आत्रेय गोत्रका पौडेलहरू आदिमकाल देखि नै हिमालय पर्वतको दक्षिणी प्रश्रवण क्षेत्र हालको नेपालका बासिन्दा हौं र पौडेल थर नेपालमा भएका पौडी, पौंदी जस्ता स्थानसँग सम्बन्धित छ । हाम्रो थर भारतको गढवालको पौडीबाट सुरु नभएर बझाङको पौडीबाट सुरुभएको भन्ने तथ्यहरू प्राप्त भएका छन् । यस अगाडी प्रकाशित भएका वंशावलीहरूमा उल्लेख भएका धारणाहरूमा व्यापक रुपमा छलफल, अनुसन्धान र विश्लेषण गरी साझा दृष्टिकोण कायम गर्न तर्फ ध्यान दिन आबश्याक छ ।

**प्रस्ताव ३:** वत्सराज पछिका चौथो पुस्ताका श्रीनन्दको जन्म वि.सं. १२३५ मा पौडीको झोता दरबारमा भएको र त्यहीं हुर्केबढेका उनकाछोरा श्रीराम वि.सं. १२५६ मा त्यही पौडीकोटमा नै जन्मेपछि उनी तत्कालिन जुम्ला राज्यको चिलखायमा बसाइ सरेर गएपछि उनका परिवारलाई चिलखायमा पौडीबाट आएका परिवार भनेर **पौडीवाला** भन्ने गरेको कारण श्रीरामले आफ्नो थरलाई **पौडेल** लेखेको कारण हामी पौडेल भएको हुँदा हामी पौडेलको मूलथलो हालको बझाड.जिल्लाको केदारस्यूँ गाउँपालिकाको पौडीकोट हो भन्ने कुरा प्रमाणित हुन्छ । यसैअनुसार हाम्र वंशावलीमा परिमार्जन गरिनु पर्ने देखिन्छ ।

**प्रस्ताव ४:** हाम्रा वंशावलीहरूमा पौडेल वंशका पुर्खाहरू भारतमा भएको मुसलमानको आतंकबाट धर्मको रक्षार्थ पहाड तर्फ आएका हुन् भन्ने छ । यस सम्बन्धमा प्राप्त तथ्यहरूको विश्लेषणले त्यस कुराको पुष्टि गर्दैन । भारतमा भएको मुसलमानको आतंक भन्दा पहिले नै हाम्रा पूर्वजहरू पश्चिम नेपालका विभिन्न स्थानमा बसोबास गरिरहेका थिए । यहाँको बसोबास र आन्तरिक बसाई सराइँ नियमित प्रक्रिया हो । त्यसैले पुर्खाहरूको मूल समूह नै धर्मरक्षार्थ आएको समयसँग जोडिएको कुरा र भनाई मिल्दो र तर्कसंगत देखिदैन ।

**प्रस्ताव ५:** हालसम्म प्रकाशित भएका विभिन्न वंशावलीहरूमा आत्रेय गोत्रका पुर्खा उदय भट्टपछिका चौथो तथा सोमनाथ आत्रेयबाट १७ औं पुस्ताका वत्सराज भट्ट पश्चिम नेपालको तत्कालिन डोटी राज्यका राजा भएको कुरा एकमतले उल्लेख गरिएको छ । श्रीरामबाट पौडेल लेखिन थालेपछि हामीहरू आत्रेय र भट्टबाट पौडेलथरमा रुपान्तरण भएको प्रमाणिक तथ्यहरूसड.कलित छन् । अव वंशावलीको लेखनमा परिमार्जन गरी सम्पूर्ण आत्रेय गोत्रका भट्ट, जोशी, आत्रेय, केसी, शर्मा, उपाध्याय, पाध्य, पौडयाल, पौडयालय, आदिलाई एकरुपता दिएर **पौडेल** लेखिनु आवश्यक छ ।

**प्रस्ताव ६:** प्राप्त स्रोत सामग्रीहरूको चर्चा र विश्लेषणमा सोमनाथ आर्य (आत्रेय) लाई हाम्रा पुर्खाको मूल पुरुष भनिने तथ्यगत आधार भेट्न सकिएन । यदि त्यसप्रकारको प्रमाणिक इतिहासको आधार

भेटिएमा उल्लेख गरिनु आवश्यक देखिन्छ । तर प्रमाणिक आधार भेटिएन भने प्रस्तुत विवरणका विषयमा पुनर्विचार गरिनुपर्ने हुनसक्दछ ।

**प्रस्ताव ७:** उपलव्ध तथ्यहरूका आधारमा पौडेल वंश महासंघले आफ्नो मूल नारा **"पौडेल थर हाम्रो साझा घर"** बनाएको छ । सोही नाराको सार्थकताका लागि महासंघले नेपालमा राज्यगर्ने पहिलो पुरुष वत्सराजलाई आधारमानेर श्रीरामबाट क्रमाङ्क सुरुगर्दा उपयुक्त हुनजाने सम्भावना देखिएको छ ।

**प्रस्ताव ८:** वंशावली सङ्कलन तथा लेखनका लागि कार्यविधि २०८१ ले स्पष्ट मार्गचित्र र जिम्मेवारी तोकेकाकारण वन्धुहरूको वंशावलीको संकलन कार्यमा सबैतहका उपसमितिहरू क्रियाशिल हुनुपर्ने र त्यसको सहजिकरणमा सबै केन्द्रीय पदाधिकारी एवं केन्द्रीय सदस्यहरूको भूमिका रहनजाने हुँदा सबैलाई यसकार्यमा सक्रियहुनका लागि अग्रह गर्दै संलग्न हुन प्रस्ताव गरिएको छ ।

**प्रस्ताव ९: विभिन्न वंशावलीहरूको अध्ययन गर्दा देखिएका दुविधा सम्बन्धी तथ्यहरू पहिचान गर्ने सम्बन्धमा,** माथि उल्लेखित विभिन्न वंशावलीहरूको अध्ययन गर्दा देखिएका दुविधा सम्बन्धमा उल्लेखित बुँदाहरूमा सम्वन्धित प्रदेश, जिल्ला, पालिका र पूजा उपसमितिहरूबाट आवश्यक अध्ययन गरी वंशावली केन्द्रीय समितिमा त्यसको राय पठाउने  प्रस्ताव गरिएको छ ।

**प्रस्ताव १०: वंशावली सङ्कलन समितिको पूर्णता दिन र आफुसंग सम्वन्धित वंशावली लेख्नकालागि प्रस्ताव**

महासंघको विधान २०७६ को दफा १७ को उपदफा १७ मा उल्लेख भएअनुसार  मिति २०८० माघ २६ र २७ गते देवघाटमा बसेको महासंघको पहिलो पूर्णबैठकबाट यस (उप) समितिको व्यवस्था गरिएको हो । यस समितिको पूर्णताका लागि महासंघको मिति २०८१ कार्तिक ८ गते मोरङ्गको सुन्दर हरैंचामा बसेको दोस्रो पूर्णबैठकमा प्रस्ताव गरिएको र माहसंघ कार्यसमितिको मिति २०८१/१०/१४ को अनलाइन बैठकको निर्णय अनुसार अनुमोदित वंशावली सङ्कलन तथा लेखन कार्यविधि, २०८१ **अनुसार** केन्द्रीय समितिको वैठकबाट जिम्मेवारी तोकिएका संयोजक र सचिब सहित प्रदेश अधिवेशनबाट निर्वाचित सात प्रदेशका वंशावली संकलन उपसमितिका संयोजकहरू पदेन सदस्य र बढीमा २ जना वंशावली विज्ञको केन्द्रीय समितिबाट मनोनित गरी जम्मा ११ सदस्यीय केन्द्रीय वंशावली संकलन तथा लेखन समिति गठन गरिने छ ।[२३] यस पूर्णबैठकबाट उल्लेखित प्रदेशबाट प्रतिनिधित्वगर्ने सदस्यहरू सहित बढीमा २ जना वंशावली विज्ञको केन्द्रीय समितिबाट मनोनित गर्नकालागि प्रस्ताव गरिएको छ ।

---

[२३] यस वंशावली समितिबाट तयास गरिएको वंशावलीको "अवधारणा र सङ्कलन विधि २०८१" को दस्तावेज यसै साथ संलग्न छ ।